रजिष्ट्रेसन नः ५५५/०५७/५८

# नेपाल परेवा पालक संघ २०५७
## Nepal Pigeon Keeper's Association 2000

# प्रेस वक्तब्य

काठमाडौं- जेठ १ । नेपाल परेवा पालक संघले आयोजना गरेको दशौं राष्ट्रिय परेवा उडान प्रतियोगिता २०६६ ठिमीका जग निवास शर्माका परेवा प्रथम भै सम्पन्न ।

वैशाख १२ देखि जेठ ३१ गतेसम्म आयोजित उक्त प्रतियोगितामा गोरख सम्शेर ज.ब.रा द्वितीय तथा ठिमीकै बिकास शर्मा तृतीय भएको जानकारी परेवा पालक संघले दिएको छ । प्रतियोगितामा सबभन्दा बढि आकाशमा उडेर ठिमीकै बिकास शर्माको कास्नी जातको पोथी परेवाले उत्कृष्ठ परेवाको उपाधि पाउन सफल भयो । उक्त कास्नी जातको पोथी परेवा ५ घण्टा ५५ मिनेट लगातार आकाशमा उडेको थियो ।

प्रथम भएको जग निवास शर्माका ५ परेवा कूल २३ घण्टा ३३ मिनेट उडेको थियो भने २० घण्टा २९ मिनेट उडेर गोरख सम्शेर ज.ब.रा.का ५ परेवाको समूह द्वितिय भएको थियो । यसैगरी तृतीय भएका बिकास शर्माका ५ वटा परेवाका समूह जम्मा २० घण्टा १७ मिनेट उडेर तृतीय भए ।

दशौं राष्ट्रिय परेवा उडान प्रतियोगिता २०६६ मा काठमाडौं, भक्तपुर, ठिमी र ललितपुरका गरी ३६ जना पर ेवापालकहरुको सहभागिता रहेको जानकारी संघले दिएको छ । यो हालसम्म सञ्चालित प्रतियोगितामध्ये सबैभन्दा बढी सहभागी भएको संख्या हो ।

प्रतियोगिताको प्रमुख निर्णायकमा संघका संस्थापक सदस्य मोहन कृष्ण श्रेष्ठलाई चयन गरेको थियो भने संघका सल्लाकार नारायण बहादुर श्रेष्ठ सहायक प्रमख निर्णायकका रुपमा रहनु भएको थियो । यसपालिको प्रतियोगितामा अन्य २६ जना निर्णायकहरुद्वारा सञ्चालित भएको थियो ।

प्रथम, द्वितिय र तृतीय भएका प्रतियोगीलाई क्रमशः रु. २० हजार, रु. १३ हजार र रु. ७ हजार नगद, शिल्ड तथा प्रमाणपत्र प्रदान गरिने व्यवस्था गरेको जानकारी संघका कोषाध्क्ष टण्डेश्वरराज शर्माले गराउनु भयो । यसैगरी उत्कृष्ठ परेवालाई पनि ३ हजार नगद, शिल्ड तथा प्रमाणपत्र प्रदान गरिने छ । विजयी परेवापालकहरुलाई विशेष समारोहमा पुरस्कृत गरिने जानकारी पनि संघले गराएको छ ।

परेवा उडाउने यस मनोरञ्जनात्मक खेललाई लोप हुन नदिन र देशमा रहेका हजारौं सौखिन परेवा पालकलाई एक जुट गराई ब्यवस्थित रुपमा उडान प्रतियोगिता संचालन गर्ने ध्यले २०५७ सालमा नेपाल परेवा पालक संघको स्थापना भएको हो । संघमा हाल १७० परेवापालकहरु सदस्य रहेकाछन् । नेपाल परेवा पालक संघले विगत ९ वर्षदेखि सुरू गरेको यसप्रकारको प्रतियोगिता भने शुद्ध मनोरञ्जनात्मक खेल हो ।

प्रचार प्रसार संयोजक

..............................

*जितेन्द्र राज बज्राचार्य*

**थप जानकारीका लागि**
9841-283526